नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
( ........................ फाँट)
ललितपुर

☎ ५-५२११६५, ५-५२३०५१

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

लक्ष्मी निवास, ललितपुर

**स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३क) बमोजिम ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी भएको आदेश**

कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका कार्यालय, अति विशिष्ट व्यक्तिहरुको निवास तथा मुख्य मुख्य प्रशासनिक केन्द्र र सो आसपासका क्षेत्रमा भेला जम्मा भई अनसन, धर्ना, घेराउ, जुलुस, प्रदर्शन तथा सभा लगायतका विरोधका कार्यक्रमहरु आयोजना गर्दा उत्तेजित भिडबाट तोडफोड, आगजनी जस्ता उच्छृंखल तथा अवाञ्छित गतिविधि हुन सक्ने र आपसी मुठभेड, भिडन्त एवम् हुलदङ्गा वा अशान्ति भई अत्यावश्यक सेवा, सार्वजनिक सेवा प्रवाह, सार्वजनिक यातायात, सार्वजनिक सम्पत्ति र समग्र शान्ति सुरक्षामा गम्भीर असर पर्न जाने अवस्था तथा अन्तर्राष्ट्रिय अभ्यास र यस अघि सम्मानित अदालतबाट भएको आदेश एवं फैसला समेतलाई मध्यनजर गरी जिल्ला सुरक्षा समिति, ललितपुरको सिफारिस समेतका आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३क) बमोजिम विगतदेखिकै निरन्तरताको रुपमा देहायको क्षेत्रमा मिति २०८१/१२/०४ गतेदेखि लागु हुने गरी २ (दुई) महिनासम्मका लागि पाँच जनाभन्दा बढी व्यक्ति भेला जम्मा भई अनसन, धर्ना, घेराउ, जुलस, प्रदर्शन तथा सभा जस्ता विरोधका कार्यक्रम गर्न निषेध गरेको आदेश जारी गरिएको छ।

साथै देहायका आदेश जारी गरिएका क्षेत्र बाहेकका स्थानमा नेपालको संविधान बमोजिम प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता एवम् बिना हातहतियार शान्तिपूर्ण रुपमा भेला जम्मा भई विरोधका कार्यक्रममा सहभागी हुन पाउने हक रहेको प्रति स्थानीय प्रशासन सदैव प्रतिवद्ध रहेको छ। संविधान एवम् प्रचलित कानुन प्रदत्त अधिकारको प्रयोग हुने गरी गरेका विरोधका कार्यक्रमबाट सरकारी, सार्वजनिक एवम् व्यक्तिगत सम्पत्तिमा हानी नोक्सानी र क्षति भएमा **"स्थानीय प्रशासन ऐन, २०२८"** तथा **"सार्वजनिक प्रदर्शन, हडताल तथा विरोधका कार्यक्रमबाट हुने क्षति मूल्याङ्कन सम्बन्धी कार्यविधि, २०८१"** बमोजिम क्षतिको मूल्याङ्कन गरी आयोजकबाट नै त्यस्तो क्षतिपूर्ति बापतको रकम असुल उपर गराइने व्यहोरा समेत सम्बन्धित सबैमा स्मरण गराइएको छ।

प्रमुख जिल्ला अधिकारी

☎ ५-५२११६५
५-५२३०५१

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

( ........................ फाँट)
ललितपुर

लक्ष्मी निवास, ललितपुर

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

देहायः

क) पुल्चोकस्थित यु.एन.हाउस र पुरानो मन्त्री निवास क्षेत्रः
पूर्वतर्फ इनारमोड जाने मूलबाटो,
पश्चिम राष्ट्रिय किताबखाना (निजामती) ,
उत्तरतर्फ आन्तरिक राजस्व कार्यालय,
दक्षिणतर्फ राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय सहकारी बिकास बोर्डको चौहद्दीभित्र।

ख) भैंसेपाटी स्थित नयाँ मन्त्री निवास क्षेत्रः
पूर्वमा भैंसेपाटीबाट बुंगमती जाने सडक,
पश्चिमतर्फ सिजी हाउजिङ्ग,
उत्तर भैंसेपाटी आवास गेट,
दक्षिणतर्फ इटनी जाने ओह्रालो सीमा कायम गरी सो भित्र।

मितिः २०८१/१२/०३ गते

..................
(रमेश ढकाल)
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी